# आपतकालिन शिक्षा



## लक्षित वर्ग

यो सामग्री प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई लक्षित गरी तयार पारिएको छ । आपत्कालीन परिस्थितिमा बालबालिकाको उद्धार गर्न तथा सरकारी र गैरसरकारी निकायहरूबाट प्राप्त सामग्रीहरूको उचित वितरणका लागि उनीहरु नै जिम्मेवार हुन्छन् । उनीहरु बाहेक गाउँ वा नगरपालिकाका पदाधिकारीहरूले पनि विद्यालयको विपद् जोखिम न्यूनीकरण तथा उद्धारमा संलग्न हुने हुनाले यो विषयमा बुझ्न जरूरी देखिन्छ ।

### १. आपतकालिन शिक्षा भनेको के हो ?

आपत्कालीन शिक्षा भनेको कुनै पनि सङ्कट, द्वन्द्व वा विपद्पछि तुरून्तै बालबालिकाले पाउने शिक्षा हो । यसले बालबालिकाको शिक्षाको अधिकारलाई सुनिश्चित गर्दछ । यसरी विपद्पश्चात् पुनः शिक्षा सञ्चालन गर्दा आवश्यकता( अनुसार बालबालिकालाई मनोसामाजिक परामर्श दिने, भिन्न प्रकारको पाठ्यक्रम प्रयोग गरी बालमैत्री वातावरणमा पढाइ सञ्चालन गर्नुपर्दछ ।

### २. आपतकालिन शिक्षा किन आवश्यक छ ?

हरेक बालबालिकाको शिक्षामा अधिकार हुन्छ र उनीहरु सुरक्षित हुनुपर्छ । आपत्कालीन परिस्थितिमा पनि शिक्षा अति नै जरूरी हुन्छ । यसले बालबालिकाका लागि तल दिइएका कुराहरूका लागि सहयोग गर्दछ ।

- यसले बालबालिकालाई शारीरिक, मानसिक तथा संज्ञानात्मक सुरक्षा प्रदान गर्ने भएकाले बालबालिकाको विकासमा सहयोग पुऱ्याउँछ । यसबाट बालबालिकाको जोखिम घटाउने पुनउत्थान गर्ने सिपको विकास हुन्छ
- बालबालिकाको यौनजन्य वा आर्थिक शोषण, दुरूपयोग वा हेला वा अपहरण हुने र बालयोद्धाको रूपमा भर्ती गरिने जस्ता मानवीय सङ्कटको जोखिमको न्यूनीकरण गर्दछ ।
- बालबालिकाले विद्यालय जान छोडने, शैक्षिक वर्षको पढाइ छुट्ने जस्ता गतिविधिमा कमी ल्याउँछ ।
- लामो समयसम्म विद्यालयबाट टाढा रहेका बालबालिकाहरु पुनः विद्यालयमा फर्कन गारो हुन्छ र उनीहरु बालमजदुरका रूपमा, बालविवाह वा अन्य प्राण घातक गतिविधिमा संलग्न हुने प्रवल सम्भावना रहन्छ । यसरी विविध कारणले गर्दा पढाइमा हुने हानिले बालबालिकाको मानवीय, सामाजिक तथा आर्थिक विकासमा व्यवधान ल्याउँछ ।

### ३. विद्यालयमा आपतकालिन शिक्षा सूनिश्चित गर्न के गनुपर्छ ?

शैक्षिक निरन्तरतालाई सुनिश्चित गरी बालबालिकाको शिक्षामा अधिकारको संरक्षण गर्नुपर्छ । यसमा विशेषतः

- छुटेका दिन/घण्टाहरूको पढाइलाई वैकल्पिक तरिकाले पुरा गर्ने
- यदि विद्यालयका भवनहरू भत्किएका छन भने वैकिल्पक स्थान र अस्थायी सिकाइ केन्द्रहरूको निमार्ण गर्ने तथा वैकल्पिक पानी तथा सौचालयको ब्यवस्था गर्नुपर्दछ । यसका साथै आवश्यकता अनुरूप पढाई सामाग्रीहरू उपलब्ध गराउनु पर्दछ ।
- यदि विद्यालयका भवनहरु भत्किएका छन् भने वैकल्पिक स्थान र अस्थायी सिकाइ केन्द्रहरुको निर्माण गर्ने तथा वैकल्पिक पानी तथा शौचालयको व्यवस्था गर्नुपर्दछ । यसका साथै आवश्यकताअनुरूप पढाइ सामग्रीहरु उपलब्ध गराउनुपर्दछ ।
- लचिलो शैक्षिक क्यालेन्डर अवलम्बन गरी पढाइको घण्टी वा अवधी, परीक्षा तालिका,अतिरिक्त कार्यकलाप आदिलाई समायोजन गर्ने गर्नुपर्दछ । साथै शिक्षणका लागि वैकल्पिक विधिहरु पनि अवलम्वन गर्ने गर्नुपर्दछ ।
- शिक्षक कर्मचारीहरु काम गर्न नसक्ने अवस्थामा वा सहयोग आवश्यक पर्ने अवस्थामा छन् भने शैक्षिक र प्रशासनिक सहयोग उपलब्ध गराउन सक्ने व्यक्तिको खोजी गर्ने तथा तालिम आदिदिई क्षमता विकास गर्नुपर्छ ।
- विद्यालयलाई अस्थायी बासस्थानका रूपमा प्रयोग गर्ने कुरालाई जति सक्दो रोक्नुपर्दछ । आपत्कालीन योजनामा अस्थायी बासस्थानका रूपमा विद्यालयलाई नै पहिचान गरिएको छ भने पहिले नै विद्यालयमा र बाल बालिकाको शिक्षाको पहुँचमा त्यसको प्रभाव कसरी कम गर्ने भन्ने योजना बनाउनुपर्दछ ।
- विपद्को समयमा भौतिक खतरा, उपेक्षा, शोषण वा दुर्व्यवहारको खतरा बढने भएकाले यस्तो अवस्थामा जाति, धर्म, लिङ्ग वा अपाङ्गताको भेदभाव नगरी बालबालिकाको पूर्ण सुरक्षालाई सुनिश्चित गर्नुपर्दछ । प्रभावित बालबालिकालाई मनोसामाजिक सहयोग उपलब्ध गराउनुपर्दछ ।
- विद्यालयले (विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा बालक्लब) पहिले नै शैक्षिक निरन्तरता योजना तयार गर्नु जरूरी हुन्छ । यसले आपत्कालीन परिस्थितिमा विद्यार्थीहरूको पढाइमा कम बाधा हुनुका साथै dropout कम हुन्छ । यसरी योजना बनाउँदा विद्यालयले WASH तथा सुरक्षा क्लस्टर (cluster) सँग राम्रो समन्वय गर्नुपर्दछ ।

## प्रधानअध्यापकका लागि नोटः

यी सिद्धान्तका बारेमा बुझाउन प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा शिक्षकहरूसँग विभिन्न क्रियाकलापहरु गरी यसको बारेमा बुझाउनुपर्छ । तल केही उदाहरणहरु रोल प्लेका लागि दिइएको छ तर शिक्षकहरूले यसमा मात्र सीमित नरहेर यीबाहेक अरू पनि क्रियाकलाप गर्न सक्छन् । यी क्रियाकलापहरु गाउँ वा नगरपालिकाका पदाधिकारी तथा नियुक्त सरकारी अधिकारीहरूसँग मिलेर पनि गर्न सकिन्छ ।



### अभ्यास १ः

एउटा विद्यालय भूकम्पले पूर्ण क्षतिग्रस्त भएको छ । पुनर्निर्माण गर्न निकै समय लाग्ने देखिन्छ । विद्यालयको पूर्वाधार नभएकाले करिब एक महिनादेखि बालबालिकाहरु विद्यालयबाट बाहिर छन् ।


### छलफलः

यो अवस्थामा विद्यालय पुनः सञ्चालन गर्न के गनुपर्छ ? गाउँ तथा नगर शिक्षा अधिकारीको भूमिका कस्तो हुनुपर्छ ? पढाइलाई निरन्तरता दिनका लागि प्रधानअध्यापकले के गनुपर्छ ?



### सम्भावित उत्तरः

विद्यालयले विपद्पश्चात् तुरुन्तै आवश्यक कक्षा सामग्रीका साथ अस्थायी शिक्षण केन्द्रहरु स्थापना गनुपर्छ । यसबाट विद्यार्थीहरूले सुरक्षित अनुभूति गर्न सक्छन् र पढाइमा ध्यान दिन सक्छन् । विद्यालयले सम्बन्धित निकाय तथा समुदायसँग छलफल गरी आधिकारिक सिकाइको सुनिश्चितता गर्नुपर्दछ । बालबालिकालाई मनोरञ्जनात्मक ढङ्गले पढाइ सञ्चालन गर्नका लागि खेल्ने सामग्रीहरु, मनोसामाजिक परामर्श तथा अन्य पढाइका गतिविधिहरु सञ्चालन गर्नुपर्छ ।



### अभ्यास २ः

विद्यालय बाढीको कारणले एक हप्तापछि खुलेको छ । विद्यालयको सरसफाइ गरी कक्षा पढाउन सक्ने अवस्थामा ल्याइएको छ तर जम्मा ६०५ मात्र विद्यार्थीको उपस्थिति छ । ती विद्यार्थी पनि सारै चिन्तित छन् । यस्तोमा कक्षा सञ्चालन गर्न कठिन देखिन्छ ।

### छलफलः

यो अवस्थामा विद्यार्थीहरूलाई विद्यालयसम्म ल्याउन के गनुपर्छ ? शिक्षकहरूले कसरी पढाइ सञ्चालन गर्नुपर्छ ?




### सम्भावित उत्तरः

शिक्षकहरूले विद्यार्थीलाई विविध प्रकारको मनोरञ्जनात्मक क्रियाकलापहरुमा संलग्न गराउनुपर्छ तथा अनौपचारिक सिकाइमा मात्र समावेश गर्नुपर्छ । दुःखी र पीडित बालबालिकका लागि मनोसामाजिक कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ । तालिम प्राप्त शिक्षकहरूले विशेष आवश्यकता भएका बालबालिकाको हेरविचार गर्नुपर्छ । यदि तालिम प्राप्त शिक्षकहरु विद्यालयमा नभएमा गाउँ वा नगरपालिकाका शिक्षा अधिकारीसँग परामर्श गरी शिक्षक उपलब्ध गराउनुपर्छ ।

## थप अध्ययन सामाग्रीहरूः

Delivering Education for Children in Emergencies: A key Building Block for the Future
http://www.savethechildren.org/atf/cf/%7B9def2ebe-10ae-432c-9bd0-df91d2eba74a%7D/delivering_education_emergencies.pdf

Education in Emergencies: A tool kit for starting and managing education in emergencies
http://toolkit.ineesite.org/toolkit/INEEcms/uploads/1043/Description_of_Education_Kits.pdf

"यूरोपियन यूनियनको आर्थिक सहयोगमा सञ्चालित मानवीय सहयोग गतिविधिहरूको बारेमा यस डकुमेन्टमा उल्लेख गरिएको छ । यूरोपियन यूनियनका आधिकारीक धारणाको रुपमा कुनैपनि किसिमले यहाँ व्यक्त विचारहरूलाई लिइने छैन साथै त्यसबाट निर्मित कुनै पनि सूचना तथा जानकारीको प्रयोगमा यूरोपियन कमिसन जिम्मेवार हुने छैन ।"

European Union Civil Protection and Humanitaria Aid

PLAN INTERNATIONAL · Save the Children · unicef · World Vision